आ.ब. २०८०/०८१ सम्मको बैठक संख्या
आ.ब.२०८०/०८१ बैठक संख्या ४

आज मिति २०८० भदौ २९ गते दिउसो ३ :०० बजे फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी निम्न निर्णय गरियो ।

उपस्थिति :

सि.नं	नाम र थर	पद	हस्ताक्षर
१	श्री पार्वती सुनुवार	अध्यक्ष	
२	श्री राजु वराल	उपाध्यक्ष	
३	श्री होम बहादुर सुनुवार	१ नं वडा अध्यक्ष	
४	श्री शंकर बहादुर भण्डारी	२ नं वडा अध्यक्ष	
५	श्री टेक बहादुर रजन मगर	३ नं वडा अध्यक्ष	
६	श्री मोहन मगर	४ नं वडा अध्यक्ष	
७	श्री बैकुण्ठलाल पहाडी	५ नं वडा अध्यक्ष	
८	श्री कुलेन्द्र बहादुर मगर	६ नं वडा अध्यक्ष	
९	श्री लिल बहादुर सुनुवार	गाउँकार्यपालिका सदस्य	
१०	श्री पूर्णमाया थापा मगर	गाउँकार्यपालिका सदस्य	
११	श्री टिकामाया विश्वकर्मा	गाउँकार्यपालिका सदस्य	
१२	श्री तारा विश्वकर्मा	गाउँकार्यपालिका सदस्य	
१३	श्री सावित्रा कुमारी थापा मगर	गाउँकार्यपालिका सदस्य	
१४	श्री मंगलादेवी तामाङ्ग	गाउँकार्यपालिका सदस्य	

१	श्री राजेन्द्र कार्की	प्रमुख प्रशासकीय अधिकृत	

१	श्री नारायण प्रसाद अधिकारी	सहायक स्तर पाँचौ	

निर्णय नं (१) गत वैठक तथा महिनामा भए गरेका निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

गत बैठकको निर्णय कार्यान्वयन तथा भदौ १० गते सम्मगा भएको निर्णय र सो निर्णय कार्यान्वयन सम्वन्धमा विभिन्न वडामा योजना कार्यान्वयनको सम्वन्धमा उपभोक्ता समिति गठन,वर्षातको कारण अवरोध हुन पुगेका सडकहरुको मर्मत तथा माटो पन्छाउने कार्यगरी संचालनमा निरन्तरता भई रहेको,सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता कार्ड नविकरण तथा थप सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण संकलन कार्य,गाउँपालिका क्षेत्रका सडकहरुको सर्भेको कार्य सम्पन्न,ठेक्का प्रक्रिया मार्फत संचालन हुने सडकहरुको ठेक्का प्रक्रिया अगाडी वढाईएको,ऐन,कार्यविधिहरुको कार्यान्वयन नभएको,चालु आ.व.मा वडामा वजेटको कमी लगायतका विभिन्न समसामायिक विषय तथा कार्यहरुको वारेमा भएको व्यहोरा सहित जानकारी गराउदै आजको वैठक शुरु गरियो ।

निर्णय नं (२) नेपाल माझी उत्थान संघ,सिन्धुलीलाई आर्थिक सहयोग सम्वन्धमा ।

नेपाल माझी उत्थान संघ सिन्धुलीको मिति २०८० भदौ ११ गते च.न.०३ को प्राप्त पत्रानुसार साथ संलग्न प्रस्ताव वमोजिम नेपालको माझी युवाहरुलाई फुटवल खेलमा अभिरुची गराई राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले तेस्रो राष्ट्रिय माझी गोल्डकप प्रतियोगिता यही २०८० सालमा सिन्धुलीले आयोजना गर्न लागेकोले उक्त कार्यक्रमको लागि आवश्यक आर्थिक सहयोग माग गरेकोमा सो संस्थालाई रु. **१ लाख** अनुदान सहयोग गाउँपालिकाको चालु शीर्षक विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं (३) विदा स्वीकृत सम्वन्धमा ।

फिक्कल गाउँपालिका वडा नं ३ खोलागाउँको मिति २०८०/०५/२१ गतेको वडा समितिको वैठक निर्णयानुसार वडा अध्यक्ष श्री टेक वहादुर रजन मगर मिति २०८०/०५/२९ गते देखि मिति २०८०/०७/०८ सम्म पारिवारिक कामले गाउँपालिका भन्दा वाहिर जानुपर्ने भएकोले सो वडा कार्यलयवाट हुने दैनिक प्रशासनिक तथा सिफारिस सम्वन्धीको कार्य गर्नका लागि सोही वडाका वडा सदस्य श्री ज्ञानेन्द्र तामाङलाई कार्य वहाक वडा अध्यक्षको जिम्मेवारी दिई निज वडा अध्यक्षको विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं (४) आर्थिक सहायता सम्वन्धमा ।

फिक्कल गाउँपालिकाका स्थायी वासिन्दाहरुको निवेदन र सम्वन्धित वडा कार्यालयको सिफारिस अनुसार घाईते,वर्षातको कारण घर क्षेती,आगलागी जस्ता विपदमा परेको हुँदा निजहरुलाई उल्लेखित बमोजिमको रकम **उपचार खर्च र आर्थिक सहायता** वापतको रकम विपद व्यवस्थापन कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

क.स.	नाम र थर	ठेगाना	सहयोग रकम	कैफियत
१	श्री मन वहादुर वि.क.	फिक्कल १	२५ हजार	घर आगलागी
२	श्री रीता धमला	फिक्कल ३	२० हजार	

निर्णय नं (५) शिक्षक सिफारिस गर्ने सम्वन्धमा ।

शिक्षक तथा पदपूर्ति समितिको मिति २०८०/०५/२७ गतेको निर्णयानुसार नि.मा.वि. संघीय अनुदान (गणित) कोटामा सफल उम्मेदवार भरत मोहन सुनुवारलाई रिक्त रहेको विद्यालय श्री कालिका देवी नि.मा.वि.जाडजाडमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं (६) विस्तापित शिक्षकलाई स्थापित गर्ने सम्वन्धमा ।

फिक्कल गाउँपालिका वडा नं ३ अन्तर्गत श्री ककनीदेवी प्रा.वि.झगरेमा कार्यरत प्रा.शि (स्थायी) श्री टेक वहादुर पुलामीलाई शिक्षा विकास तथा समन्वय इकाइ सिन्धुलीको च.नं १६३ मिति २०८०/०५/२१ गतेको प्राप्त पत्रानुसार श्री माध्यमिक विद्यालय गैरीखानी,तीनपाटन,६ सिन्धुलीमा सरुवा गरिएको हुँदा उक्त रिक्त कोटामा **श्री जित वहादुर थापा** प्रा.शि. तृतियलाई पठाउने निर्णय गरियो ।

निर्णय (७) कामकाज गर्न खटाउने सम्बन्धमा ।

फिक्कल गाउँपालिका ६ नं वडा रत्नावती अन्तर्गत प्रा.वि.पिपलवोटमा कार्यरत प्रा.शि.दरवन्दीमा कार्यरत कारार शिक्षक श्री पदम वहादुर पुलामीलाई श्री माध्यमिक विद्यालय सालुकेमा कामकाज गर्न खटाउने निर्णय गरियो ।

निर्णय (८) वजार अनुगमन गर्ने सम्बन्धमा ।

फिक्कल गाउँपालिका अन्तगर्तका स्थानीय वजारहरुको वजारवाट विक्रीहुने सामानहरुको गुणस्तर,परिमाण लगायत मितिका सम्वन्धमा हुन सक्ने नोक्सानका वारेमा सो कार्य हुन नदिनका लागि गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा सम्वन्धित वडाका वडा अध्यक्ष,स्थानीय प्रहरी प्रशासन,नेपाल प्रहरीको प्रतिनीधिको संयुक्त टोलीले मिति २०८० असोजको पहिलो हप्तावाट वजार अनुगमन तथा निरीक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय (९) योजना सम्झौता गर्ने सम्बन्धमा ।

चालु आ.ब.२०८०/०८१ को वार्षिक स्वीकृत वजेट,कार्यक्रम बमोमिज फिक्कल गाउँपालिका अन्तर्गतका वडाहरुमा विनियोजन भएको वजेट कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गरी योजना सम्झौताको कार्य मिति २०८० कार्तिक मसान्त भित्रमा सम्पन्न गरि सक्ने साथै जेष्ठ नागरिक दिवसको उपलक्ष्यमा २०८० असोज १० देखि १५ गते सम्म क्रमश वडा कार्यालयहरुमा एकिकृत घुम्ती सेवा संचालन गर्ने निर्णय गरियो ।

निर्णय (१०) संविधान दिवस मनाउने सम्बन्धमा ।

संविधान दिवस २०८० यही असोज २,३ र ४ गते तीन दिन सम्म भव्यताका साथ मनाउन तपसिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने निर्णय गरियो ।

तपसिल :

१. फिक्कल गाउँपालिका र मातहत रहेका वडा कार्यालय,स्वास्थ्य चौकी र सामुदायिक विद्यालयहरुमा राष्ट्रिय झण्डा एवं दिवस केन्द्रित व्यानर वनाई कार्यालय र परिसर सरसफाई गर्ने ।

२. फिक्कल गाउँपालिका र मातहत रहेका वडा कार्यालय,स्वास्थ्य चौकी र सामुदायिक विद्यालयहरुमा ३ गते साँझा दिप प्रज्वलन गर्ने ।

निर्णय (११) सर्वदलिय तथा सर्वपक्षिय वैठक सम्बन्धमा ।

फिक्कल गाउँपालिकाको आयोजनामा संचालन गर्न लागिएको लगानी सम्मेलनको लागि सम्भाव्य आयोजनाहरुको वारेमा कार्यपत्र तयार गर्न आवश्यक आयोजनाहरुको विषय छनौटका लागि गाउँपालिकाका भित्र कृयाशील राजनीतिक दल लगायत वौद्धिक व्यक्तिहरुको वीचमा सर्वदलिय/सर्वपक्षिय वैठक मिति २०८० असोज २ गते वस्ने र वैठकको सहजिकरणका लागि सहजकर्ता विमल पोखरेललाई तोक्ने निर्णय गरियो ।

निर्णय (१२) जेष्ठनागरिक मिलन केन्द्रको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

महिला वालवालिका तथा जेष्ठनागरिक मन्त्रालयको मिति २०८० भदौ २१ गतेको प्राप्त पत्रानुसार जेष्ठनागरिक मिलन केन्द्र तथा दिवा सेवा केन्द्र स्थापना तथा संचालन लागि प्रस्ताव माग भएकोमा सोही पत्रमा उल्लेखित बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय (१३) लोकदोहोरी कार्यक्रमको खर्च सम्बन्धमा ।

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल जिल्ला कार्य समिति सिन्धुलीले नयाँ वर्षको उपलक्ष्यमा मिति २०८० वैशाख १ गते कमलामाई नगरपालिका ६ को खुल्लामञ्चमा बृहत साँस्कृतिक कार्यक्रम आयोजना गरेको र सो कार्यक्रममा भएको खर्च रकम सहयोग माग भएकोले प्रतिष्ठानलाई **रु.२० हजार** आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय (१४) कामकाज गर्न खटाउने सम्बन्धमा ।

फिक्कल गाउँपालिका अन्तर्गत १ नं वडा महादेवडाडामा कार्यरत कृषि प्राविधिक ना.प्रा.स.चौथो तह का श्री मोहन सुनुवार लाई ६ नं वडा रत्नावतीमा वडा सचिवको कामकाज समेत गर्ने गरी कामकाज गर्न र ६ नं वडा रत्नावतीमा कार्यरत कृषि प्राविधिक ना.प्रा.स.चौथो तहका श्री सुन्दर वहादुर सुनुवारलाई १ नं वडा महादेवडाडामा कामकाजका लागि खटाउने निर्णय गरियो ।

निर्णय नं (१५) गाउँशिक्षा समितिको पूर्णता सम्वन्धमा ।

फिक्कल गाउँपालिकाको गाउँशिक्षा समितिमा रिक्त रहेको तपसिलका पदहरुमा फिक्कल गाउपालिकाको शिक्षा ऐन,२०७४ को दफा १४ को उपदफा (च) र (छ) बमोजिम मनोनित गर्ने निर्णय गरियो ।

१. सामुदायिकको विद्यालयको शिक्षकहरु मध्येबाट सम्मितिले तोकेका एक महिला शिक्षक सहित दुई जनामा श्री रत्नगंगा मा.वि.का प्रधानाध्यापक श्री नवराज पौडेल ।

२. गाउँपालिका स्थित विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट एक जना मा प्रस्तावित मा.वि. काउले महादेवडाडाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री मोहन वहादुर मगर ।

निर्णय नं (१६)

United Nations Economic and Social Commission for Asia and the Pacific and hosted by Suwon City, Republic of Korea को आयोजनामा Invitation to the Expert Group Meeting 'Supporting Asia-Pacific Mayors to Develop Sustainable Urban Solutions' at the Eighth Session of the Asia-Pacific Urban Forum, 23-25 October 2023 Suwon, Republic of Korea मा भाग लिनका लागि फिक्कल गाउँपालिकाका अध्यक्ष श्री पार्वती सुनुवारलाई सहभागिताको लागि यस गाउँकार्यपालिकाको वैठकवाट मनोनयन गर्ने र गाउँपालिकालाई आर्थिक व्ययभार नपर्नेगरी वैदेशिक भ्रमण स्वीकृतिका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं (१७) स्थानीय वालकल्याण अधिकारी नियुक्ती सम्वन्धमा ।

नेपाल सरकारले स्थानीय तहहरुले अवलम्बन गर्ने योजना तर्जुमा,वालवालिकासंग सम्वन्धित नीति निर्माण र निर्णय प्रक्रियामा वालवालिका,उनीहरुका अभिभावक तथा वालवालिकासंग सरोकार राख्ने संघ संस्थाहरुको सहभागिता र उनीहरुको भुमिका सुनिश्चित गरी वालमैत्री शासन पद्धति स्थापित गर्ने लक्ष्य बमोजिम वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ जारी गरि निर्देशिकाले तोकेका न्युनतम् सुचकहरुका साथै स्थानीय तहले थप गरेका अतिरिक्त सुचकहरु समेत हासिल गर्ने,स्थानीय तहमा वालमैत्री शासन कार्यान्वयन गर्ने र वालमैत्री वडा/गाउँपालिका घोषणा गर्ने प्रक्रियामा सहजीकरण गर्न सहयोग हुने र **वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ को बुँदा नं ७** मा उल्लेखित कार्यान्वयन सहजीकरण समितिमा स्थानीय वाल कल्याण अधिकारी सदस्य हुने व्यवस्था समेत भएकोले फिक्कल गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न र वडा तथा गाउँपालिका बालमैत्री घोषणा कार्यक्रम संचालन गर्न आ.ब.२०८०/०८१ को स्वीकृत वार्षिक वजेट वमोजिम चालु शीर्षक अन्तर्गत करार सेवा शुल्क शीर्षकबाट अधिकृत स्तर छैठौ सरहको तलब भत्ता सुविधा गरी फिक्कल गाउँपालिका २ नं वडा पोखरी निवासी **श्री पेशल फुयाललाई** वालकल्याण अधिकारीमा नियुक्त गरी वालमैत्री स्थानीय शासन कार्यान्वयको सर्म्पूण जिम्मेवारी दिने निर्णय गरियो ।